# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, कार्तिक ७ गते, २०८१ साल (अतिरिक्ताङ्क २९


## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

### सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८१

<u>प्रस्तावना:</u> सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि

(नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा २६ मा संशोधनः सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा २६ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः

**(२) यस निर्देशिकामा उल्लिखित मापदण्डभन्दा बढी रकम खर्च गर्न आवश्यक भई पुष्ट्याई सहित सहमतिका लागि लेखी आएमा आवश्यकता र औचित्य हेरी आर्थिक मामिला तथा योजना मन्त्रालयले यस निर्देशिकामा तोकिएको मापदण्डभन्दा बढी रकम खर्च गर्न सहमति दिन सक्नेछ।**

स्वीकृत मिति : २०८१।०७।०७

आज्ञाले,

.........

शंकर नेपाल

प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np